**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा म्यांमाका राष्ट्रपति **ऊ मिन आऊं लाइन्** को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ।

**२.** पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज आफ्नो मन्त्रिपरिषद् विस्तार गर्नुहुनेछ। मन्त्रिपरिषद्मा ३५ जना नयाँ मन्त्रीहरू सामेल हुनेछन्।

**३.** राज्यपाल आर एन रविले पत्रकारितामा सक्रिय रहेका र महत्वपूर्ण सामाजिक मुद्दाहरूलाई उजागर गर्ने पत्रकारहरूलाई "देवृषि नारद नारद सार्थक जीवन सम्मान 2026" प्रदान गर्नुभएको छ ।

**४.** केन्द्रिय राज्य मन्त्री एवं भाजपा नेता डा. सुकान्त मजुमदारले, तृणमूल कङ्ग्रेसका नेताहरूको लागि भाजपामा कुनै ठाउँ छैन भनि स्पष्ट पार्नु भएको छ |

**५.** (भाजपा) अध्यक्ष श्री नितिन नवीनको निमन्त्रणामा राष्ट्रिय स्वतन्त्र पार्टी (रासपा) का माननीय अध्यक्ष श्री रवि लामिछाने जुन १ देखि जुन ५ सम्म भारत भ्रमणमा रहनुहुनेछ।

**म्यांमा राष्ट्रपति यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा म्यांमाका राष्ट्रपति यिउ मिन आऊं लाइन् को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ । यस अवधि दुवै देशहरुको बीच ऐतिहासिक र सभ्यतागत संबंधहरुलाई अझ बलियो गर्न माथि चर्चा हुनेछ । साथै बातचीतमा सुरक्षा र संपर्क सहित आपसी सहयोगसित जुड़ेका विभिन्न मुद्दाहरुमा पनि विचार-विमर्श हुनेछ ।

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो साँझ नयाँ दिल्लीमा म्यान्माका राष्ट्रपतिसँग पनि भेटवार्ता गर्नुभयो। राष्ट्रपति आऊं लाइन् गत शनिवार पांच दिनको भारत भ्रमणमा बिहारको गया आइपुगनु भएका थिए । उहाँको साथ एक उच्च स्तरीय प्रतिनिधिमंडल पनि रहेका छन् । राष्ट्रपतिको रूपमा यो उहाँको यो पहिलो भारत भ्रमण हो । राष्ट्रपति आऊं लाइन् भोली मुम्बई जानुहुनेछ , जहां उहाँले उद्धोग तथा व्यापार जगतका प्रतिनिधिहरुसंग पनि भेटघाट गर्नुहुनेछ ।

**तृणमूलको लागि भाजपामा कुनै ठाउँ छैन: सुकान्त मजुमदार**

हालैमा सम्पन्न भएको पश्चिम बङ्गाल विधानसभा चुनाउमा तृणमूल कङ्ग्रेस परास्त भएपछि केही नेताहरू भाजपामा सामेल हुने चर्चा चलिरहेको समयमा केन्द्रिय राज्य मन्त्री एवं भाजपा नेता डा. सुकान्त मजुमदारले स्पष्ट पारेका छन्, तृणमूल कङ्ग्रेसका नेताहरूको लागि भाजपामा कुनै ठाउँ छैन।
हिज आइतवार पूर्व बर्धमानमा पत्रकारहरूसित बातचित गर्दै सुकान्त मजुमदारले भन्नुभयो , ममता ब्यानर्जीको हारपछि तृणमूल कङ्ग्रेसका केही नेताहरूले पार्टी छोड्ने प्रयास गरिसकेका छन्। उहाँले दाबी गर्नुभयो , यिनीहरूमध्ये केही नेताहरूले भाजपाको सदस्यता लिने इच्छा पनि व्यक्त गरेका थिए। उहाँले भन्नु भयो , हामीले उनीहरूलाई स्पष्ट रूपमा बताइदिएका छौ कि भाजपामा उनीहरूको लागि कुनै स्थान छैन। तृणमूलका नेताहरू त्यहीँ बस्नुपर्छ जहाँ उनीहरू छन्। ममता ब्यानर्जीको कामकाजलाई अगाड़ि बढ़ाउनको लागि केही नेताहरू पार्टीमा बस्न आवश्यक पनि छ।
सुकान्त मजुमदारको उक्त बयानलाई राज्यको परिवर्तित राजनीतिक परिस्थितिमा महत्वपूर्ण मानिंदैछ।

**देवर्षि नारद साथक जीवन सम्मान 2026**

विश्व संवाद केंद्र उत्तर वंगद्वारा हिज आइतबार सिलीगुड़ीको दीनबंधू मंचमा देवर्षि नारद जयंती समारोह एव "देवर्षि नारद साथक जीवन सम्मान 2026 'समारोहलाई सम्बोधन गर्नुहुँदै राज्यपाल श्री आर एन रविले प्रमुख अतिथिका रूपमा लोकतन्त्रमा पत्रकारिताको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नु हुदै पत्रकारहरूले निष्पक्ष र सत्यवादी रहनुपर्ने र समाजको वास्तविक स्वरूप उजागर गर्नुपर्ने बताउनुभयो। उहाले जिम्मेवार पत्रकारिताको आवश्यकता माथि जोड दिनुभयो। त्यही वक्ताहरूले देवृषि नारदलाई विश्वको पहिलो सन्देश-वाहक र सञ्चारको प्रतीकको रूपमा पनि सम्झना गर्दै देवृषिले जनतालाई सूचना प्रवाह गर्ने परम्परा स्थापित गरेको आजको आधुनिक पत्र कारिताको जग भएको बताए।

कार्यक्रममा उत्तर बंगालका विभिन्न जिल्लाका पत्रकार, जनप्रतिनिधि र प्रबुद्ध व्यक्तिहरूको ठूलो संख्यामा सहभागिता रहेको थियो।

कार्यक्रमको मुख्य आकर्षण वरिष्ठ पत्रकारहरुको सम्मान थियो। लामो समयदेखि पत्रकारितामा सक्रिय रहेका र महत्वपूर्ण सामाजिक मुद्दाहरूलाई उजागर गर्ने पत्रकारहरूलाई "देवृषि नारद नारद सार्थक जीवन सम्मान 2026 प्रदान गरिएको थियो। आयोजकहरूका अनुसार यो सम्मान जनहितमा उनीहरुको योगदानको कदर गर्दै प्रदान गरिएको हो। राज्यपालद्वारा सम्मानित पत्रकारहरूमा सुमन कल्याण भद्र (कूचबिहार - बंगाली मिडिया), राधामाधव साहा (रायगंज उत्तर दिनाजपुर अंग्रेजी मिडिया) राजीव कुमार झा (सिलिगुड़ी हिन्दी मिडिया). बिजय वान्तावा (गान्तोकनेपाली मिडिया) र श्रीमती तुम्पा सूत्रधर (डुवर्स सामाजिक मिडिया) समावेश थिए। सम्मानित पत्रकारहरुलाई प्रमाणपत्र, स्मृति चिन्ह र नगद पुरस्कार प्रदान गरिएको थियो।

**अहिल्याबाई होल्करको 301औ जयंतीमा एक विशाल पथयात्रा**

विश्व हिंदू परिषद्को नारी संगठन दुर्गा वाहिनीद्वारा सिलीगुड़ी महानगरमा लोकमाता देवी अहिल्याबाई होल्करको 301औ जयंतीमा एक विशाल पथयात्रा निकालिएको थियो। हिंदी हाई स्कूलबाट प्रारंभ भएर शहरको भ्रमण गर्दै पानीटंकी मोड़मा संपन्न भएको पदयात्रामा 250 भन्दा अधिक दुर्गा वाहिनीकी नारीहरुले भाग लिएकी थिइन् यस पदयात्राको उद्देश्य अहिल्या बाईको प्रेरणादायी विचारहरुलाई घर घरसम्म पुर्याउनु रहेको थियो भने यसको उद्देश्य बालिकाहरु र महिलाहरुलाई आत्मनिर्भर, शारीरिक रूपले सशक्त, आत्मरक्षामा सक्षम र वैचारिक रूपले जागरूक बनाउने रहेको थियो। शिविरमा दुर्गा वाहिनीले शौर्यपद परेड पनि निकालेका थिए। यसमा केही बालिकाहरुले वीरांगना लक्ष्मीबाई, भारत माता र दुर्गा माताको पहिरनमा भाग लिएका थिए |यस कार्यक्रममा संघका प्रांत संघचालक ऋषिकेश साहा, प्रांत प्रचारक श्यामा चरण रॉय, विश्व हिंदू परिषद्का प्रांत मंत्री लक्ष्मण बंसल, परिषद्का जिल्ला सचिव किशन अग्रवाल बजरंग दल संयोजक अमित गुप्ता, दुर्गा वाहिनी संयोजिका पूजा महतो, मातृ शक्ति प्रमुख सोमा दे कविता लोहिया लगायत अन्य उपस्थित रहेका थिए।

**पश्चिम बंगाल मन्त्रिपरिषद् विस्तार**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज आफ्नो मन्त्रिपरिषद् विस्तार गर्नुहुनेछ। मन्त्रिपरिषद्मा ३५ जना नयाँ मन्त्रीहरू सामेल हुनेछन्।

शपथ ग्रहण समारोह आज बिहान ११ बजे लोकभवनमा आयोजना हुनेछ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले ९ मईमा पाँच जना क्याबिनेट मन्त्रीहरूको टोलीसँग पदभार ग्रहण गर्नुभएको थियो। मन्त्रिपरिषद् विस्तारपछि, राज्य सरकारमा मन्त्रीहरूको कुल संख्या ४१ पुग्नेछ। यो संख्या २९४ सदस्यीय पश्चिम बंगाल विधान सभाको लागि तोकिएको संवैधानिक सीमा भित्र हुनेछ।

**अनित थापा**

जोरबङ्गलो सुकेपोखरी पञ्चायत समितिका सभापति अनि सदस्यहरू साथै खण्ड अन्तर्गतका सम्पूर्ण ग्राम पञ्चायतका प्रधान लगायत अन्य सदस्यहरूसँग जीटीए प्रमुख एवं भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाले भेटवार्ता गरेका छन्।अध्यक्ष अनित थापाले हिज जारी एक प्रेस विज्ञप्तिमा राजनीतिक परिवर्तनको गर्मी अब शिथिल हुँदै गएको महसुस उपस्थित पञ्चायतका सदस्यहरूले पनि अनुभव गरेको कुरा बताए। उहाँले भने, मैले सबैलाई नआत्तिनु भनेर अवगत गराएकै थिए। आजको बैठकमा सबैले मेरो कुरालाई सही रहेको बताए।' उहाँले अघि भने, कुनै कुराको पनि परिवर्तन हुँदा उथुलपुथुल हुनु स्वाभाविक हो। झन् राजनीतिमा परिवर्तन आउनु भनेको हावाको दिशा नै परिवर्तन हुनु हो। यसरी दिशा परिवर्तन भइरहेको समयमा जरा बलियो हुनेहरूमात्र स्थिर रहन सक्छन्। पहेंलिसकेका पातहरू

झर्ने त हो नै। आज यहाँ मसँग साथमा उभिनु हुने सबै बिजीपीएम पार्टीका हरिया पातहरू हुन्।' थापाले अझ भने, 'जोरबङ्गलो सुकेपोखरी पञ्चायत समिति अन्तर्गतका सबै पञ्चायतहरूले ममाथि भरोसा अनि विश्वास राखेर साथै बीजीपीएम पार्टीको सोचमा अडिग रहनुभयो। त्यसैले आज हामी सबैजना एकसाथ छौं।

## खरसाङ स्कूल अफ् म्युजिकको वार्षिक संगीत उत्सव सम्पन्न

खरसाङ स्कूल अफ् म्युजिकको 19औं वार्षिक संगीत उत्सव हिज खरसाङको राज राजेश्वरी हलमा सम्पन्न भएको छ। यस वर्षको विषय सविन राई स्पेशल रहेको थियो।
यस वार्षिक संगीत उत्सवमा खरसाङ स्कूल अफ् म्युजिकका म्युजिकल ब्याण्डहरूले सविन राईका प्रसिद्ध गीतहरू प्रस्तुत गरेका थिए। साथै किबोर्ड, गिटार, ड्रम्सका प्रस्तुतिहरू दिएका थिए , जसलाई श्रोताहरूले धेरै मन पराएका थिए। कार्यक्रममा सधैं स्कूललाई समर्थन गर्ने सरोजा राई र नविता प्रधानलाई सम्मान जनाइयो।
स्कूलका एक विद्यार्थी सुदर्शन प्रधानलाई पनि स्कूलको तर्फबाट सम्मान जनाइयो। उनी एक परिचित वरिष्ठ साहित्यकार साथै 2021 मा भारत सरकारको तर्फबाट बाल साहित्य अकादमी पुरस्कार प्रापक पनि हुन्।
साथै यस कार्यक्रममा वर्षको ग्रेड परीक्षामा डिस्टिङ्सन ल्याउने 10 जना विद्यार्थीहरूलाई स्मृति चिन्ह प्रदान गरी सम्मानित पनि गरियो।

## मिना लामा राई ('मौनभित्रको कोलाहल') कविता सङ्ग्रह लोकार्पित

खरसाङकी नारी स्रष्टा एवं शिक्षिका मिना लामा राईद्वारा लिखित पहिलो कृति 'मौनभित्रको कोलाहल' कविता सङ्ग्रह हिज आइतवार खरसाङमा लोकार्पण गरिएको छ। खरसाङको सन्त जोसेफ कन्या उच्चत्तर माध्यमिक विद्यालयमा सम्पन्न उक्त पुस्तक लोकार्पण कार्यक्रमको अध्यक्षता वरिष्ठ साहित्यकार विन्ध्या सुब्बाले गरेकी थिइन् भने प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार डा जीवन नामदुङ उपस्थित रहेका थिए। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा साहित्यकारहरु क्रमैले ग्याल्पो लामा, जीबी बल, आशा मुखिया लामा, छिमी ओङ्गु लामा, अमला सुब्बा, विष्णु ठकुरी, गणेश थापा, रश्मि राई, ऋषि राई, विनोद रसाइली लगायत अन्यहरु उपस्थित रहेका थिए। कार्यक्रममा सभाध्यक्ष, प्रमुख अतिथि, विशिष्ट अतिथिहरु र कवि मिना लामा राईको बाहुलीबाट विधिवत् रूपमा पुस्तक लोकार्पण गरियो। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा जीवन नामदुङले यस पुस्तक लोकार्पण भएको घोषणा गरेका थिए। स्रष्टा परिचय उषाकिरण सत्यदर्शीले राखेकी थिईन भने लोकार्पित कविता सङ्ग्रहमाथि कवि कर्ण विरहले समीक्षात्मक टिप्पणी राख्दै कवि मिना लामा राईद्वारा लिखित कविता सङ्ग्रहको शीर्षक मनभित्रको कोलाहल दुई शब्द मौन र कोलाहलको विरोधाभास रहेको अनि वर्तमान मानिसको जीवनलाई परिभाषित गर्ने प्रयास गरिएको बताए।

## श्री रवि लामिछाने

भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष श्री नितिन नवीनको निमन्त्रणामा राष्ट्रिय स्वतन्त्र पार्टी (रासपा) का माननीय अध्यक्ष श्री रवि लामिछाने जुन १ देखि जुन ५ सम्म भारत भ्रमणमा रहनुहुनेछ।आफ्नो भ्रमणको क्रममा अध्यक्ष लामिछानेले नयाँ दिल्लीमा उच्चस्तरीय राजनीतिक र कूटनीतिक बैठकहरूमा भाग लिनुहुनेछ, जसमा भाजपाको शीर्ष नेतृत्वसँग छलफल हुनेछ। यसबाहेक, (रासपा) अध्यक्षको भ्रमणमा भारतमा बसोबास गर्ने नेपाली समुदाय र पार्टीका शुभेच्छुकहरूसँग भेटघाट, साथै अयोध्याको निजी भ्रमण पनि समावेश रहेको छपार्टी अध्यक्षको साथमा जाने आधिकारिक प्रतिनिधिमण्डलमा बिपिन कुमार आचार्य (संयुक्त महासचिव र प्रतिनिधि सभा सदस्य); दीपक बोहरा (सचिवालय सदस्य र प्रतिनिधि सभा सदस्य); श्रीमती निकिता पौडेल; र श्री प्रदीप आचार्य शामेल रहेका छन् ।अध्यक्ष लामिछानेको उच्चस्तरीय सहभागितालाई सहज बनाउन नयाँ दिल्लीस्थित नेपाली दूतावासले निकट समन्वयमा काम गरिरहेको छ।

****** ० ******